९. सप्लाइ हुने औषधिहरुको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति / Expire Date / ब्याच नं उल्लेख भएको हुनु पर्नेछ तथा सम्पुर्ण औषधिहरुको स्ट्रिप, वोतल , ट्युब लगायतमा अनिवार्य रुपमा निःशुल्क वितरण Free supply for Ministry of Health Nepal स्पष्ट रुपमा उल्लेख भएको हुने पर्नेछ ।

१०. पेश भएका औषधि खरिदको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा एक मुष्ठ स्विकृत गर्ने अधिकार यस कार्यालयमा मात्र निहित रहने छ ।

११. सिलवन्दी वोलपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर रेट प्रति ईकाईमा उल्लेख गरी जम्मा गरी मु.अ.कर लाग्नेको मात्र मु.अ.कर उल्लेख गरी पेश गर्नु पर्ने छ ।

१२. सिलवन्दी वोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आँउदा सम्झौता अंकको थप ५ (पांच प्रतिशत) ले हुन आउने रकम वरावरको मान्यता प्राप्त वैंकवाट जमानत पत्र वा नगद माथी उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

१४. बजेट निकासालाइ आधार मानी आवश्यकता अनुसार वोलपत्रमा उल्लेखित औषधि एकै पटक वा पटक पटक खरिद गर्न सकिनेछ ।

१५. कार्यालयमा औषधि दाखिला हुन आँउदा सम्म औषधिको म्याद १८ महिना बाँकि ( एक्सपायरी डेट ) हुनुपर्ने छ । कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा औषधिको जम्मा self life को कम्तीमा ७५ प्रतिशत म्याद बाँकि हुँदा दाखिला गर्न सकिनेछ ।

१६. कार्यालय सम्म औषधि आपूर्ति गर्न लाग्ने ढुवानि तथा अन्य करहरु वोलपत्र दाता स्वंयले व्यहोर्नू पर्नेछ ।

१७. आफुले सप्लाई गरिने औषधिहरुको आधिकारीक पत्र (Authority Letter) स्वदेशि कम्पनीको हकमा उत्पादकबाट र विदेशि कम्पनी भए (National Suppliers) बाट लिई पेश गर्नु पर्ने छ ।

१८. वोलपत्र फाराममा खरिद गर्ने प्रत्येक औषधि आइटम बाइज उत्पादक कम्पनिको नाम अनिवार्य रुपले भर्नुपर्नेछ । यसरी कम्पनि उल्लेख नभएको फर्म मान्य हुने छैन । सुई, धुलो, झोल औषधिहरु बाहेक अन्य सम्पूर्ण औषधिहरु ( टयावलेट र क्याप्सुल Strip प्याकमा ,वोतल आईटम्स प्लाष्टिक वोतलमा ) Strip मा आपुर्ति गर्नु पर्नेछ ।

१९. एक बिक्रेताको नाँउमा विक्री भएको वोलपत्र अर्को विक्रेताको नाँउमा दाखिला गर्न पाउने छैन्

२०. सिलवन्दी वोलपत्र फारम दर्ता गर्न ल्याउदा आफुले दिन चाहेको औषधि WHO/GMP प्राप्त कम्पनीको हुनु पर्ने र प्रत्येक आईटमको स्याम्पल समेत पेश गर्नु पर्नेछ ।

२१. सिलवन्दी वोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

२२. इटहरी उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट चालु आ.व.मा खरिद गरिने औषधीहरुको दररेट स्विकृतिको लागी माथि बुंदा नं. १ मा उल्लेखित कागजात सहित पेश गरी इटहरी उप-महानगरपालिका बाट फाराम खरिद गरी यसै सुचनाको अधिनमा रही सोही स्थानमा दाखिला गर्नु पर्नेछ । फर्म / सप्लायर्सको दररेट स्विकृत भए पछि चालु आ.व.भरी सोही दररेटमा औषधी उपलव्ध गराउनु पर्नेछ ।

२३. यस सुचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

२४. आ.व. २०७४।०७५ को लागि माथि उल्लेखित सामान खरिदको अनुमानित लागत रु.२०,००,०००।- (बीस लाख) को हुनेछ ।

## तपशिल

| सि.नं. | विवरण | किसिम | वोलपत्र खरिद दस्तुर(फिर्ता नहुने) रु. | धरौटी(विडवण्ड) रकम रु. | फारम पाईने स्थान |
|---|---|---|---|---|---|
| १ | औषधि खरिद | वोलपत्र/दरभाउ पत्र | १०००।- | १०००००।०० | इटहरी उप-मनपाको कोठा नं.९ कर शाखा |

यसै पत्रलाई आधार मानि सूचना प्रकाशित गरिदिन निर्णयार्थ पेश गरेको छु ।

पिताम्बर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

पिताम्बर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत